# स्थानीय राजपत्र

सुनकोशी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ६) पाङ्ग्रेटार, सिन्धुपाल्चोक, मंसिर २० गते, २०७९ साल (संख्या ५


## भाग २

### करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,

२०७५ मा संशोधन गर्न बनेको कार्यविधि २०७९

सुनकोशी गाउँपालिका

सिन्धुपाल्चोकको

दफा (४) को उपदफा (५) को संशोधन, दफा (४) को उपदफा (४) पछि देहाय बमोजिम थप गरिएको छ।

५) उपदफा (३) र (४) मा जुनसुकै कुरा लेखिएको भए तापनी पदपूर्ति समितिको बैठकले कुनै पदमा लिखित एवं अन्तरवार्ता दुवै परिक्षा संचालन गरी उम्मेद्वार छनोट गर्नुपर्ने आवश्यक्ता महशुस गरेमा लिखित एवं अन्तरवार्ता दुवै परिक्षा संचालन गरी उम्मेद्वार छनोट गर्न सक्नेछ।

यसरी छनोट गर्दा अंक भार देहाय बमोजिम हुनेछः

(१) प्रारम्भिक चरण

(क) शैक्षिक योग्यता वापतः ३० अंक*

(ख) कार्य अनुभव वापतः १० अंक**

(ग) स्थानीय वासिन्दालाईः १० अंक ***

(२) लिखित परिक्षाः १०० अंक

(३) अन्तरवार्ताः ५० अंक

कूल अंकः २०० अंक

* क) विशिष्ट श्रेणी वापत ३०, प्रथम श्रेणी वापत २७.५, द्वितीय श्रेणी वापत २५, तृतीय श्रेणी वापत २२.५, (त्रिभुवन विश्वविद्यालयको अंक गणनाका आधारमा।)

** ख) कार्यअनुभव वापत प्रति वर्ष २ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने।

***ग) १. सम्बन्धित गाउँपालिकाको बासिन्दा - १० (दश) अंक

२. सम्बन्धित जिल्लाको बासिन्दा - ५ (पाँच) अंक

कार्यपालिकाबाट स्वीकृत मिति :२०७९/०८/१५

प्रमाणित मिति : २०७९/०८/२०

**आज्ञाले,**

**पूर्ण प्रसाद दुलाल**

**प्रमुख प्रशासकीय अधिकृत ।**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु.५।–
गो.हु.द.नं. १६।२०६२।६३